# इस्लाममा रिश्ता नाताको महत्व

[ **नेपाली -** Nepali - نيبالي ]

**अतीकुर्रहमान मो.इदरीस खान मक्की**

2013 - 1434

IslamHouse.com

# أهمية صلة الرحم في الإسلام

« باللغة النيبالية »

عتيق الرحمن محمد إدريس خان مكي

2013 - 1434

IslamHouse.com

بسم الله الرحمن الرحيم

सर्वाधिकार लेखकमा सुरक्षित छ ।

पुस्तक पाइने ठेगाना -:
इस्लामिक गाइडेन्स सेन्टर कपिलवस्तु नगरपालिका
व.नं. ९ महुवा तौलिहवा कपिलवस्तु (नेपाल)
सम्पर्क नं. ००९७७-९८४७०३०७८०
९७२७६४९२३८
इस्लामिक गाइडेन्स सेन्टर रबवा अल् रियाज
सउदी अरबीया

# लेखकको विचार

अलहम्दो लिल्लाहे नहमदोहु व नस्तईनोहु व नस्तगफिरहु व नऊजो बिल्लाहे मिन शोरूरे अनफोसेना व मिन सईयाते आमालेना, मैंयहदेहिल्लाहो फलामोजिल्ला लहु व मैंयुजलिल्हो फला हादिया लहु व अश्हदोअल्लाइलाहा इल्लल्लाहो व अश्हदो अन्ना मोहम्मदन् अब्दहु व रसूलहु । (अम्मा बअ्द)

हरेक प्रकारको प्रशंसा अल्लाहको लागि छ जसले सर्म्पूण ब्रह्माण्डलाई उत्पन्न गऱ्यो, र अल्लाहको शान्ति अवतरित होस् अन्तिम संदेष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम र उहाँको घर परिवार र साथीहरू माथि र उनी सबैहरू माथि जुन यस इस्लामको प्रचार प्रसार गरे र मुहम्मदको पद्धतिलाई उत्तम मानी उसै माथि हिंडी आफ्नो जीवन व्यतीत गरे ।

प्रस्तुत पुस्तिकामा मैले रिश्ता नातलाई जोड्नु र प्रेमलाई प्रोत्साहना दिनुलाई सरलताको साथ वर्णन गरेको छु । साथै इस्लाममा रिश्ता नाताको महत्वलाई कुरआन र हदीसको श्लोकहरू द्वारा प्रमाणित गरेको छु । र माया, स्नेह प्रम नै शान्तिको मार्ग हो यसलाई इस्लामीय निर्देशन द्वारा सिद्ध गरेछु ।

मलाई आशा छ कि यो सानो पुस्तिका तपाईहरूको लागि लाभप्रद सिद्ध हुनेछ । र अल्लाह यसबाट सर्वसृष्टिलाई फाईदा पुऱ्याई मलाई आफ्नो दयाको पात्र बनाउन् । अल्लाह सित विन्ती छ कि मेरो यो सानो प्रयासलाई कबूल गरी मेरो घरपरिवारका समस्त सदस्यहरूको मुक्तिको माध्यम बनाउन्  (आमीन)

लेखक
अतीकुर्रहमान मोहम्मद इदरीस खान मक्की
कपिलवस्तु नगरपालिका वार्ड न.९ महुवा
तौलिहवा कपिलवस्तु नेपाल
मो.नं. ००९७७–९८४७०३०७८०
**Mob.00977-9847030780**

बिस्मिल्लाहिर्रहमानिर्रहीम

यस कुरामा कुनै संदेह छैन कि यो संसार प्रेम, माया, स्नेह, मित्रता, एवं रिश्ता नाताद्वारा नै प्रचलित छ। यदि माया न भएको खण्डमा यस संसारको विनाश नै भई हाल्थ्यो । किनकी बिना प्रेम एउटा घर र परिवारको विनाश भई हाल्छ त यस संसारको के दुर्गत हुन्थ्यो हामी कल्पना पनि गर्न सक्दैनौं ।

प्रेमले नै रिश्ता नाताको उतपात हुन्छ, मायाले नै मित्रताको सृजना गर्छ, र प्रम नै यस्तो शक्तिशाली कुरा हो जसले घातक शत्रुलाई पनि घनिष्ट मित्र बनाई दिन्छ ।

प्रेमका अनेकौं नामहरू छन् र यस संसारमा अनेकौं तरिकाले प्रेम गरिन्छ । वास्तवमा प्रेमले नै यस संसारलाई प्रकाशित गर्छ र हाम्रो जीवनलाई प्रगतिशील बनाउँछ । यदि हामीलाई आफ्नो पालनहार सित प्रेम नभएको भए हामी त्यसको पूजा किन गर्थ्यौं । र हामीलाई आफ्ना बुवा आमा छोरा छोरी आदि सित प्रेम र स्नेह नभएको भए हामी उनीहरूको देखरेख हेरचाह किन गर्थ्यौं ।

यसै प्रेमको एउटा नाम हो रिश्ता, रिश्ता बनाई राख्नु र उनीहरूसंग प्रेमभाव राख्नु मित्रता बनाई राख्नु अति प्रशंसनीय कुरा हो, र प्रेमको साक्षात आदर्श हो ।

रिश्तेदार र आफन्तहरूको हेरचाह गर्नु र उनीहरू सित रिश्ता जोडि राख्नु अति उत्तम कार्य हो जसले प्रेम भावको

सृजना गर्छ र हाम्रो जीवनलाई निर्मल आनन्द दिन्छ। र हाम्रो समाजलाई सर्वोत्तम संस्कृति प्रदान गर्छ।

इस्लामले आफन्तहरूसंग राम्रो व्यवहार गर्ने आदेश गरेको छ , र रिश्ता बनाउने मान्छेलाई सर्वोत्तम आस्थावानहरूको श्रेणीमा राखेको छ । र सम्बन्ध विच्छेद गर्नेलाई अर्थात रिश्ता टुंग्याउने मान्छेलाई अभागा घोषित गरेको छ। किनकी रिश्ताबाट नै हाम्रो समाजको अविष्कार भयो।

कुरो यो छ कि यस संसारको निर्माण र यस संसारमा पाईने मानवहरू एउटै पुरुष र महिलाका संतान हुन् अल्लाहले आदम ( दम्पति )लाई जन्मायो र उनीबाटै हव्वालाई सृष्टि गऱ्यो, र यी दुवैबाट संतान आउँदै गए जुन एक आर्काका नातेदार थिए, र यिनै आफन्तीहरूबाट यस संसारको शोभा बढ्यो, र यो मानव जातिको यत्रो ठूलो संख्याको अविष्कार भयो।

तात्पर्य यो कि रिश्ता नाता नै त्यो महत्वपूर्ण कुरो हो जसबाट हाम्रो समाज र संसार चलिरहेछ । पालनहारले रिश्तालाई अति महत्व दिएछ , इस्लाममा आमाको पाइला मुनि स्वर्ग हुने घोषणा गरिएको छ, किनकी आमा र शिशुको रिश्ता यस संसारमा सबै भन्दा सर्वोत्तम रिश्ता हो, यस जस्तो आदर्णीय र सशक्त अरु कुनै रिश्ता छदै छैन।

र हाम्रा आफन्ती र सम्बन्धीहरू हामीले दु:खी भएको अवस्थामा हामीलाई सहारा दिन्छन्, हाम्रो सहायता गर्छन्, र हाम्रो हेरचाह गर्छन्, र हामीलाई संतोष गर्ने परामर्श दिन्छन्, र हामीले आफूलाई निर्बल र असहाय ठान्दा हामीलाई बल र

शक्ति पुऱ्याउँछन् । र हामीलाई कुनै कुरा बूझ्नुमा अप्ठ्यारो भयो भने हामीलाई सहायता दिई हाम्रो समस्याको समाधान गर्छन् । यसै कारण इस्लामले रिश्ता नातालाई अति महत्व दिएको छ । र यसको अनैकौं लाभ पनि छन् निम्नमा केही नमूनाहरू प्रमाण सहीत प्रस्तुत गर्छु ।

१ - रिश्ता सुदृढ गर्नु आस्थावानको सर्वोत्तम लक्षण हो ।

हजरत अबू हुरैरह रजीअल्लाहो अन्हो वर्णन गर्नु हुन्छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो : जुन मान्छे अल्लाह र अन्तिम दिन ( प्रलय ) माथि आस्था राख्छ त्यसलाई चाहियो कि आफ्नो अतिथिको सत्कार गरोस्, र जुन मान्छे अल्लाह र अन्तिम दिनमाथि आस्था राख्छ त्यसलाई चाहियो कि आफ्नो रिश्तालाई सुदृढ बनाओस् । ( बुखारी )

२ - रिश्तालाई सुदृढ गर्नुले मानवको जीविकामा वृद्धि हुन्छ । जस्तो कि रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ :

हजरत अनस रजीअल्लाहो अन्हो वर्णन गर्नु हुन्छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो : कि जुन मान्छे यो चाहोस् कि उसको जीविकामा वृद्धि गरियोस् त त्यो रिश्तालाई सुदृढ गरोस् । ( बुखारी, मुस्लिम )

३ - रिश्ता जोड्नुबाट मनुष्य स्वर्गको अधिकारी भई हाल्छ र नर्कबाट मुक्ति पाउँछ । अल्लाहको फर्मान छ :

अर्थ : र अल्लाहले जुन कुरोलाई जोड्ने आदेश दिएको छ उसलाई जोड्छन्, र उनी आफ्नो पालनहारबाट डराउँछन्, र कठिन हिसाबको भय राख्छन् । र उनी आफ्नो पालनहारको सहमतिको चाहनाको पूर्तिका लागि धैर्य गर्छन्, र नमाजलाई

सदैव कायम राख्छन्, र जुन कुरो मैले दिई राखेको छु, त्यसलाई देखाई वा लुकाई खर्च गर्छन, र कुभलोलाई भलाईबाट फाल्छन् उनकै लागि अन्तिमका घर छन् । सधैं रहनका लागि फूलबारी, जहाँ उनी स्वयं जान्छन्, र उनका पुर्खा र पत्नीहरू र सन्तानहरू मध्येबाट जुन पुण्य आत्मा होलान्, र उनको नजिक फरिश्ताहरू प्रत्येक दैलोबाट आउनेछन् । भन्ने छनः कि तिमी माथि सलामती होस्'' जो तिमीहरूले धैर्य गर्नुभो र कति राम्रो प्रतिफल छ त्यो अन्तिम घर । र जसले अल्लाहको वाचा र आदेशलाई त्यसको बलियोपना पछि भंग गर्दछन् र जुन वस्तुलाई जोड्नका लागि अल्लाहले आदेश दिएको छ उसलाई तोड्छन् र पृथ्वीमा झैं-झगडा फैलाउँछन्, उनका लागि तिरस्कारहरू छन् र उनका लागि खराब घर छ । ( सूरतु रअद २१-२५ )

र हदीसमा छ :

अर्थ : एउटा गाँउलेले हजूरसित सोध्यो कि हे अल्लाहको रसूल मलाई यस्तो कार्य बताउनुस् जुनमलाई स्वर्गमा प्रवेश गराओस् र नर्कबाट बचाओस् । त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो : कि तिमी अल्लाहको पूजा गर र उसको साथमा कसैलाई साझी नबनाऊ, र नमाज कायम गर, र धर्मादय देऊ, र रिश्तालाई दृढतापूर्वक जोडी राख । ( बुखारी, मुस्लिम )

४ - रिश्तालाई जोड्नु सर्वोत्कृष्ट दान हो, जस्तो कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो :

अर्थ : सबै भन्दा सर्वोत्तम दान यस्तो आफन्ती माथि दान गर्नु हो जुन तपाईको निम्ति आफ्नो हृदयमा शत्रुता राख्दछ। ( तब्रानी, हाकिम )

५ - रिश्ता जोड्नु अल्लाह र रसूलको सर्वोत्तम अनुशरण गर्नु हो, र सबै भन्दा उत्तम कार्य हो।

एउटा हदीसमा छ :

अर्थ : उकबा बिन आमिर रजीअल्लाहो अन्होले सोध्नु भयो कि हे अल्लाहको रसूल मलाई इस्लामका सर्वोत्तम कार्यहरूको बारेमा बताउनुस् , त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: हे उकबा ! जसले तिमीबाट सम्बंध विच्छेद गर्छ त्यससित रिश्ता जोड, र जसले तिम्रो सहायता गर्दैन त्यसको सहायता गर, र जसले तिमीमाथि अत्याचार गर्छ त्यसलाई क्षमा गरिदेऊ। ( अहमद, हाकिम )

र यस जस्ता अरु अदीसहरू छन् जुन रिश्तालाई जोड्नु र उसको विनम्रतापूर्वक निर्वाह गर्नुको महत्वलाई प्रमाणित गर्छन् र हामीलाई रिशता जोड्नुको प्रेरणा दिन्छन्।

## सम्बन्ध विच्छेद गर्नुका केही दुष्परिणामहरू

१ - सम्बन्ध विच्छेद गर्ने मान्छेमाथि अल्लाह र अल्लाहका रसूलको धिक्कार छ।

अल्लाहको फर्मान छ :

अर्थ : (हे मुनाफिकहरू !) तिम्रो बारेमा आश्चर्य छैन कि यदि तिमीलाई सत्ता प्राप्त भई हाल्छ भने तिमीहरूले धरतीमा दंगाको सृजना गर्न थाल्दछौ, र रिश्ता नाता सबै तोडि दिन्छौ

। यिनै ती मानिसहरू हुन् जसलाई अल्लाहले तिरस्कृत गरेको छ, र उनका कानहरूलाई बहिरो र (उनका) आँखाहरूबाट देख्ने क्षमता खोसी दिएको छ । ( सूरतु मुहम्मद २२,२३ )

२ - रिश्ता तोड्ने मान्छेहरू स्वर्गमा प्रवेश पाउँदैनन् । अल्लाहको रसूलको फर्मान छ :

अर्थ : स्वर्गमा रिश्ता तोड्नेवाला मान्छे प्रवेश गर्दैन । ( बुखारी, मुस्लिम )

३ - रिश्ता टुंग्याउने मान्छेको कुनै सुकर्म कबूल हुँदैन । रसूल सल्लल्लाहो अलैहे वसल्लमको भनाई छ :

अर्थ : आदमका संततिहरूका कर्महरू प्रत्येक विहिबार शुक्रबारको रात्री अल्लाहको दरबारमा पेश गरिन्छ अनि सम्बंध विच्छेद गर्ने मान्छेको कर्मलाई कबूल गरिदैन । ( अहमद )

४ - रिश्ता तोड्ने मान्छेलाई परलोकको साथ साथै यसै लोकमा पनि दण्डित गरिन्छ । रसूल सल्लल्लाहो अलैहे वसल्लमको भनाई छ :

अर्थ : रिश्ता तोड्नु र व्यभिचार गर्नु भन्दा ठूलो अरु कुनै पाप छैन जसको दण्ड संसार मै दिइयोस् । ( तिर्मिजी )

प्रिय भाइहरू हो ! उप्रोक्तका कुराहरू र हदीसहरू र आयतहरूबाट यो कुरा स्पष्ट भइहाल्छ कि रिश्ता जोड्नु जति उत्तम कार्य हो, रिश्ता तोड्नु उति नै अमानवीय र घृणा योग्य कर्म हो, जसबाट हाम्रो समाजमा मतभेद, ईर्ष्या, शत्रुता आदिको सृजना हुन्छ, र यसले गर्दा हाम्रो समाजको विनाश निश्चित भई हाल्छ ।

हे प्रिय भाइहरू र पाठकहरू ! हामी सबैको प्रियतम मित्रता बढाएर एवं रिश्ता जोडेर मात्र बन्न सक्छौं, र यस्तै हाम्रो समाजको कल्याण हुन सक्छ । उदाहरण स्वरूप कसै असहायको सहारा बन्नु र त्यसको सहायता गरिदिनु, टुहुरो र अनाथको सहारा बन्नु, आमा बुवाको आदर सम्मान गर्नु, दिदि बहिनी र छोरा छोरीसित स्नेह गर्नु आदि यी यस्ता कार्यहरू हुन जसको माध्यमले हामी रिश्तालाई सुदृढ गर्नुको साथ साथै लोक परलोकको सफलता पनि प्राप्त गर्न सक्छौं । र यसलाई अपनाई आफ्नो जीवनलाई आनन्दमय र सशक्त गर्न सक्छौं । र यसै संसारमा स्वर्गको आभाष पाउन सक्छौं । तसर्थ हे प्रिय भाइहरू र पाठक विन्दहरू ! रिश्ता टुंग्याएर अल्लाह द्वारा धिक्कृत भएका मान्छेहरूको समूहमा आफूलाई शम्मिलित नगर । र कसैको हृदयलाई दुःख र चोट पुर्‍याई उसको श्रापको पात्र नबन ।

हे प्रिय भाइहरू ! प्रेम, रिश्ता, मित्रता नै शान्तिका जग हुन् यसलाई अपनाई परम् शान्तिको स्वाद चाख, र सारा संसारलाई शान्तिको पाठ पढाई स्वर्गको भागीदार बन । तिम्रो लागि अल्लाहका रसूल सल्लल्लाहो अलैहे वसल्लम र उहाँका साथीहरूको जीवन एउटा पद्धति र आदर्श हो त्यसैको अनुकरण गरी स्वर्ग प्राप्तिको प्रयत्न गर । र उनीहरू जस्तै शान्तिको दूत बनी सारा संसारमा त्यो शान्ति ल्याऊ जसको सारा संसार अभिलाषी छ ।

जुन शान्तिलाई पूर्ण संसार चाहिन्छ त्यो शान्ति केवल इसलामीय निर्देशनमा नै छ तसर्थ त्यसलाई सारा संसार समक्ष प्रस्तुत गरी आफ्नो कर्तव्य र दायित्वको पालना गर, र

समस्त संसारमा शान्ति ल्याई सर्वसृष्टिको अशिर्वादको पात्र बन ।

मलाई आशा छ कि यस सानो लेखद्वारा तपाईहरूलाई अवश्य लाभ पुग्ने छ र यसमा वर्णन गरिएका ज्ञानवर्धक कुराहरू बमोजिम कर्म गरी तपाईहरू अआफ्ना जीवनलाई आनन्दमय बनाउनु हुनेछ, र रिश्ता नाता जोडि, सहायता गरी, प्रेमलाई प्रोत्साहना दिई आफ्नो पालनहारको प्रसन्नता पाउने प्रयत्न गर्नु हुनेछ ।

अन्तमा अल्लाह सित प्रार्थना छ कि अल्लाह हामीलाई सबै सित प्रेम गर्ने अवसर प्रदान गरुन्, र रिश्ता जोड्ने मौका प्रदान गरुन्, र निःसहायको सहायता गर्ने सुअवसर प्रदान गरी आफ्नो कृपाको पात्र बनाउन्, र अत्याचार विरुद्ध लड्ने शक्ति प्रदान गरुन्,  र हाम्रा माल सम्पत्ति र संतानमा वृद्धि गरुन् , र हाम्रा निःसंतान दाजुभाइ र दिदीबहिनीहरूलाई संतान प्रदान गरी उहाँहरूको मुटुलाई शितल पारुन् , र जेजति हामीले अज्ञानताले पापहरू गरेका छौं त्यसलाई क्षमा गरी हाम्रा पापहरूलाई पुण्यमा परेणित गरुन्, र हामीलाई कुरआन र हदीसको अनुशरण गर्ने शक्ति प्रदान गरी स्वर्ग प्रदान गरुन् । ( आमीन )

# *समाप्त*

*लेखक*

**अतीकुर्रहमान मोहम्मद इदरीस खान मक्की**

**कपिलवस्तु नगर पालिका वॉड नं.९**

**महुवा तौलिहवा कपिलवस्तु**

**नेपाल**

Mob. No.00977-9847030780

00966-0501372254